# “शिक्षा स्वास्थ्य पूर्वाधारयुक्त विष्णु गाउँपालिका हाम्रो आधार, कृषि विकास समुन्नत समाज नागरिक सचेतना र सेवामा विस्तार”

विष्णु गाउँपालिकाको यस ऐतिहासिक तेस्रो गाउँसभा उद्घाटन सत्रका अध्यक्ष ज्यु, प्रमुख अतिथि ज्यु, अतिथि ज्युहरु, सम्पूर्ण गाउँसभा सदस्य ज्युहरु, कर्मचारी मित्रहरु, पत्रकार साथीहरु एंव यहाँ उपस्थित सम्पूर्ण भद्र महिला तथा सज्जनवृन्दहरु ।

विष्णु गाउँपालिकाको यस ऐतिहासिक गौरवमय तेस्रो गाउँसभाको उद्घाटन सत्रमा आ.व. २०७५।७६ को वजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गर्वान्वित महसुस गरेकी छु । सर्वप्रथम यस महत्वपूर्ण अवसरमा २०६२।०६३ को ऐतिहासिक जन आन्दोलन, मधेश आन्दोलन, सशस्त्र संघर्ष र इतिहासको विभिन्न समयमा भएका गौरवपूर्ण राज्य व्यवस्था स्थापनार्थ राष्ट्र र जनताको हितमा जीवन उत्सर्ग गर्ने ज्ञात, अज्ञात शहिदहरु प्रति हार्दिक हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान २०७२ ले तीन वटा सरकारको कल्पना गरे अनुरुप जनताको सवैभन्दा नजिकको सरकार स्थानीय सरकारको रुपमा रहेको छ । स्थानीय सरकारको रुपमा रहेको विष्णु गाउँपालिकामा गरिवी, वेरोजगारी, अशिक्षा व्यापत छ । जनताको क्रयशक्ति कम छ भने युवा जनशक्ति छिमेकी मुलुक भारत र खाडीका मुलुकहरुमा रोजगारीको खोजीमा भौतारिरहेका छन । हाम्रा सिमित श्रोत, असिमिति आवश्यकताले हामी वीच चुनौतीको पहाड खडा गरिरहेका छन । चुनौतीलाई अवसरको रुपमा वदल्दै जनताका विकास आवश्यकता परिपुर्ति गर्न हामीले विष्णु गाउँपालिकाको ऐतिहासिक पहिलो र दोस्रो गाउँसभा सम्पन्न गरिसकेका छौं । ऐतिहासिक ०७४।०७५ को पहिलो गाउँसभामा हामीले वजेट नीति तथा कार्यक्रम सार्वजनिक गर्दै ती नीति तथा कार्यक्रम पूरा गर्ने प्रतिवद्धता जाहेर गरेका थियौं । जस अनुरुप हामीले **वित्तिय व्यवस्थापन र सुशासन तर्फ** राजश्वको दायरा फराकिलो, योजनाहरुको सामाजिका परीक्षण गर्ने कार्यको थालनी गरिएको छ भने योजनाहरुको अनुगमन समितिको सिफारिस अनिवार्य गरिएको छ । **संस्थागत विकास तर्फ** सुशासन पारदर्शिताको लागि नागरिक वडा पत्र (citizen charter) वनाई कार्यालयमा सेवा ग्राहीले देख्ने गरी टाँसेका छौं । विष्णु गाउँपालिकाको website वनाई गाउँपालिकाको क्रियाकलापहरु राख्ने गरिएको छ भने पञ्जिकरण अभिलेखहरु चुस्त दुरुस्त वनाईको छ । सुचना अधिकारी, गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ भने गाउँकार्यपालिकाको प्रवक्ता तोक्ने कार्य गरिएको छ। **पूर्वाधार विकास क्षेत्र तर्फ** नाला सहितको सडक निर्माण गर्ने कार्यको साथै सोलार वती जोड्ने काम अघि वढेको छ । उदाहरणको रुपमा वडा नं.२ को पकडी, वडा नं. ६ को सिमरा, वडा नं. ७ दुल्वा आदि । वडा कार्यालयको निर्माण कार्य वडा नं. ७ दुल्वा र वडा नं. ८ वत्रौल को वडा कार्यालय निर्माणाधिन अवस्थामा रहेको छ । विधालय भवन निर्माण, कम्पाउण्डवाल समेत निर्माण भईरहेको छ । उदाहरण मा.वि.

मधुवनविश्वनाथपुर, आधारभुल विधालय दुल्वावत्रौल । कृषि सडक निर्माण गरिएको छ । सिचाईको लाई ह्युमपाईप वितरणको व्यवस्था मिलाईएको छ । दिगो विकासको लागि सडकको मापदण्ड तयार पारी सोही अनुसार सडक निर्माण र स्तारोन्नती गरिएको छ । **सामाजिक विकास क्षेत्र तर्फ** खुला दिशा मुक्त गाउँपालिकाको सम्पूर्ण कार्य पुरा भई घोषणा हुने अवस्थामा रहेको छ । खेलकुद विकासको लागि विभिन्न प्रयास भएका छन भने शैक्षिक पूर्वाधार निर्माण, पाठयपुस्तक वितरण, स्वास्थ्य सम्वन्धि कार्यक्रमहरु सम्पन्न भएका छन । लक्षित वर्गका कार्यक्रमहरु सम्पन्न भएका छन भने मदरसा, धर्मशाला निर्माणको कार्य अगाडि वढेको छ । **आर्थिक विकास तर्फ** विउविजन वितरण, कृषि पशु सम्वन्धि तालिम कार्यक्रमहरु आदि सम्पन्न भएका छन । पर्यटन पूर्वाधारको लागि पार्क निर्माण गरिएका छन । मत्स्य पालनको लागि पोखरीहरुको संरक्षण, सम्वर्द्धन र मर्मत संभार गरिएको छ । उधोगको क्षेत्रमा विभिन्न संघ संस्थाहरुको तथ्याँक अद्यावधिक गर्ने काम सम्पन्न भएको छ । वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ आगलागिमा राहत वितरण, गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको गठन, वडा स्तरीय विपद व्यवस्थापन समितिको गठन गरी विपदमा ती समितिहरुलाई उद्धार तथा राहत प्रदान गर्न तयारी अवस्थामा राखिएको छ । विपद पूर्व तयारी, खोज गर्न समितिलाई चुस्त दुरुस्त वनाइएको छ । निर्माणाधिन नाला सहितको सडकमा दुवै तर्फ विरुवा रोप्ने कार्यको थालनीको व्यवस्था गरिएको छ । **कार्यालय संचालन तथा प्रशासनिक क्षेत्र तर्फ** कर्मचारी शिक्षकहरुको विष्णु गाउँपालिका भित्रै रहेको नेपाल वंगलादेश मार्फत तलव भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ । साथै सामाजिक सुरक्षाको रकम समेत नेपाल वंगलादेश मार्फत नै भुक्तानी गर्नको लागि लक्षित वर्गको खाता खोल्ने काम समेत हुदै गरेको छ । यस गाउँपालिका अन्तर्गत रहेको सम्पूर्ण विधालय,स्वास्थ्य चौकी तथा अन्य संघसंस्था र त्यसमा काम गर्ने शिक्षक,कर्मचारी हरुको खाता खोलिएको छ । जिन्सी व्यवस्थापन, कर्मचारीहरुको क्षमता अभिवृद्धि, अभिलेख व्यवस्थापन, पारदर्शिता जस्ता कुराहरु लाई अवलम्वन गरिएको छ ।

उपरोक्त विभिन्न प्रयासका वावजुद कार्यान्वयनमा विभिन्न वाधा अवरोध महसुस गरेका छौँ । समय मै गिटी, वालुवा, ईटा, ढुँगा जस्ता समानको सहज उपलब्धता नहुनु, सडक निमार्णमा अवरोध भएपनि अवरोधहरु छिचोल्दै विकासमा अगाडि बढिरहेको अवस्था हाम्रा सामु छर्लङ्ग छ । हामी दिर्घकालिन विकासको पक्षमा रहेका छौं । चुनौतीहरुलाई चुनौतीको रुपमा नलिई अवसरको रुपमा उपयोग गर्न चाहन्छौं । आ.व. २०७५।०७६ को आयोजनाहरुलाई गौरवका योजनाको रुपमा प्राथमिकतामा दिदैं नाला सहितको मूल सडकमा कालोपत्रे,नाला सहितको सहायक सडक ढलान र सडकको दुवै तर्फ सोलार वती जडान, गाउँपालिका भवन र वडा कार्यालय भवन तथा सिमरा स्वास्थ्य चौकीलाइ १५ शैयाको अस्पतालमा रुपान्तरण गर्ने लक्ष्य लिईएको छ । आ.व. २०७५।७६ को साउन देखि सम्पति कर लागु गरिनेछ साथै बर्थिङ्ग सेन्टरमा प्रसुतीको सेवा लिए वापत प्रसुति पोषण खर्च उपलब्ध गराउने नीति अवलम्वन गराईनेछ ।

प्रथम ऐतिहासिक गाउँसभाले निर्धारण गरेका उद्देश्य, नीति लाई निरन्तरता दिदैं आ.व. ०७५।०७६ मा पनि सामाजिक विकास क्षेत्र, आर्थिक विकास क्षेत्र, भौतिक

पूर्वाधार विकास क्षेत्र, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र, संस्थागत तथा सेवा प्रवाह क्षेत्र, विपद व्यवस्थापन र सुशासन क्षेत्र, कार्यालय संचालन तथा प्रशासनीक क्षेत्रमा विभाजन गरी ती सवै क्षेत्रको विकासमा प्रयास गरिएकोछ । गाउँपालिका स्तरीय र वडा स्तरीय योजना वर्गीकरण र छनौट गरी वडा स्तरीय वडा कार्यालय वाट संचालन गर्ने र गाउँपालिका स्तरीय ठूला योजना कार्यक्रम गाउँकार्यपालिकाको कार्यालयवाट संचालन गर्ने नीति लिईएको छ । योजना अनुगमन, मूल्याँकन प्रभावकारी वनाइनेछ । गाउँपालिका, वडा कार्यालय, धर्मशाला, मदरसा निर्माणको लागि जग्गा खरिद गर्ने नीति लिइएको छ ।

विष्णु गाउँपालिकाको उपरोक्त क्षेत्रको विकासले समग्र विकासमा कोसेढुँगा सावित हुनेछ । विकासमा तिव्रता आउनेछ भन्नेमा हामी विश्वस्त छौँ । आ.व. ०७५।०७६ मा वडा स्तरीय योजना र गाउँपालिका स्तरीय योजना छुट्याई सोही अनुसार विकास प्रयास गरिनेछ । गरिवी न्युनिकरण सामाजिक विकास, पारदर्शिता र उत्तरदायित्व, लैंगिक समावेशिकरण, समावेशी विकास तर्फ जोड दिइनेछ भने खुला दिशा मुक्त घोषणा कार्यक्रम, दिगो र टिकाउ योजना वनाइनेछ । सडक मापदण्डलाई निरन्तरता दिइनेछ भने शिक्षा स्वास्थ्य क्षेत्रमा गुणस्तरीय, भरपर्दो वनाइनेछ । कृषि, सिंचाई खानेपानीमा जोड दिइनेछ भने भौतिक पूर्वाधारमा जोड दिइनेछ ।

आ.व. २०७५।०७६ मा हामीलै यस विष्णु गाउँपालिकाको उद्धेश्य, नीति, प्राथमिकता जस्ता कुराहरु राखेका छौँ । जुन निम्नानुसार प्रस्तुत गरेकी छु ।

**प्राथमिकताहरुः**

क) गौरवका आयोजनाहरु कार्यान्वयन गर्ने,

ख) शिक्षा, स्वास्थ्य, खानेपानीको विकास

ग) मापदण्ड अनुसार सडक निर्माण,

घ) दिगो खुला दिशा मुक्त पछिको कार्यक्रम,

ङ) लक्षित वर्गको चेतना अभिवृद्धि,

च) अध्यक्ष ज्यु," गाउँ टोल वस्तीमा जाउँ, कालोपत्रे सडक र ढलान वनाउँ"

छ) उपाध्य ज्यु," लक्षित वर्गको गराउ विकास र उत्थान, विष्णु गाउँपालिका लाई वनाउ हाम्रो शान "

ज) गरिवी न्युनीकरण,

**<u>नीतिहरु :</u>**

क) विकासका लागि गुरुयोजना तयार गरि लागि गरिनेछ ।

ख) शुसासन र पारदर्शितालाई गाउँपालिकाको कार्यशैली वनाइने छ ।

ग) भ्रष्टाचार नियन्त्रण प्रयास गरिनेछ ।

घ) संभावित कर श्रोतको पहिचान र दायरा विस्तार गरिनेछ ।

ङ) गौरवका योजनाहरु :

- नाला सहितको मूल सडकमा कालोपत्रे,
- नाला सहितको सहायक सडकमा ढलान,
- सडकको दायाँवायाँ सोलार वत्ती वडान,
- गाउँपालिका भवन र वडा कार्यालय निर्माण,
- सिमरामा १५ शैयाको अस्पताल ।

च) कृषिमा उत्पादक्तव वृद्धि गरिनेछ ।

छ) सार्वजनिक सम्पतिको संरक्षण सम्वर्द्धन गरिनेछ ।

ज) शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकुद, साहित्य, कला, साँस्कृतिक संरक्षण संवर्द्धन र सुचना प्रविधिको विकास गरिनेछ ।

झ) सरसफाई र वातावरण संरक्षणको प्रयास गरिनेछ ।

ञ) भौतिक  पूर्वाधार विकासमा जोड दिईनेछ ।

ट) गाउँपालिका,वडा कार्यालय, मदरसा, धर्मशाला आदिको निर्माणको लागि जग्गा खरिद ।

ठ) गाउँपालिका स्तरीय र वडा स्तरीय योजनाहरुको वर्गीकरण ।

**उद्देश्यहरु :**

क) “शिक्षा, स्वास्थ्य पूर्वाधारयुक्त विष्णु गाउँपालिकाको हाम्रो आधार, कृषि विकास, समुन्त समाज, नागरिक सचेतना र सेवामा विस्तार” हाम्रो मुल उद्देश्य हुनेछ ।

ख) विकास पूर्वाधार विस्तार, वस्ती स्तर सम्म पहुँच वृद्धि, विकासका अवसरको समान उपयोग हुनेछ ।

ग) समावेशी र समन्यायिक विकास हुनेछ ।

घ) विभिन्न क्षेत्र, वर्ग, लिङ्ग, सम्प्रदाय, जातजातिको श्रोत साधनमा पहुँच पुऱ्याउनेछ ।

ङ) उधमशिलता र व्यवसायिकताको विकास गरिनेछ।

च) सामाजिक परिचालन गरिवी न्युनीकरण गरिनेछ ।



विष्णु गाउँपालिका

छ) विकासमा पछाडि परेका वडाहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

ज) सुरक्षित खानेपानी, सरसफाई, स्वास्थ्य चेतनाको विकास गरिनेछ ।

झ) जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व र सुशासन कायम गरिनेछ ।

ञ) वातावरणमैत्री, बालबालिका मैत्री शासनको अवलम्वन गरिनेछ ।

ट) कृषिको व्यवसायिकरण र आय आर्जनमा वृद्धि गरिनेछ ।

ठ) पूर्वाधारयुक्त गाउँपालिका निमार्ण गरिनेछ ।

## भौतिक पूर्वाधार विकास

क) वाटो ग्रेभलिङ्ग सडक स्तरोन्नति नाला सहित कालोपत्रे सडक निर्माण ।

ख) गाउँ यातायात गुरुयोजना तयार गरिनेछ ।

ग) सम्पूर्ण सडकको मापदण्ड तयार गरिनेछ ।

घ) वडा भवन निर्माणमा प्राथमिकता दिइनेछ ।

ङ) विकासमा जनसहभागितालाई अवलम्वन गरिनेछ ।

च) विकासमा जनश्रमदान अनिवार्य गरिनेछ ।

छ) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा पूर्वाधार निर्माण गरिनेछ ।

ज) भुकम्प प्रतिरोधी भवनको निर्माणको नीति लिइनेछ ।

झ) साना सिंचाई योजनाको कार्यान्वयन गरिनेछ ।

ञ) अध्यक्ष ज्यु," गाउँ टोल वस्तीमा जाउँ, कालोपत्रे सडक र ढलान वनाउँ"

## शिक्षा/कृषि/जनसंख्या तथा सामाजिक विकास

क) स्वास्थ्य चौकी ,विधालय भवन स्तरोन्नती गरिनेछ ।

ख) महिला स्वास्थ्य स्वयंसेविकाको कार्यलाई प्रोत्साहन गरिनेछ ।

ग) प्रजनन स्वास्थ्य सुदृढिकरण ।

घ) पूर्ण सरसफाई, धुँवारहित चुलोलाई कार्यान्वयनमा ल्याइनेछ ।

ङ) वेमौसमी तरकारी खेती, पशुजन्य उत्पादन वृद्धि, कृषकलाई प्रोत्साहन गरिनेछ ।

च) व्यवसायिक कृषिखेति, डेरी पकेट कार्यक्रम संचालन गरिनेछ ।

छ) गोठ सुधार, नश्ल सुधार कार्यक्रम संचालन गर्ने ।

ज) विकासमा महिलालाई प्राथमिकता दिइनेछ ।

झ) सवै वडामा वाल संरक्षण समितिको निर्माण गरिनेछ ।

ञ) बालकल्व स्थापनामा जोड दिईनेछ ।

ट) जातजाती, भाषाभाषी, धर्मसंस्कृती संरक्षण सम्वर्द्धन, मठ मन्दिर, मस्जिद आदी जस्ता सम्पदाको संरक्षण, असल संस्कृतिको विकास गरिनेछ ।

ठ) युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

ड) शैक्षिक गुणस्तर वृद्धि, विधालय सुधार योजना लागु गरिनेछ ।

ढ) उपाध्य ज्यु," लक्षित वर्गको गराउ विकास र उत्थान, विष्णु गाउँपालिका लाई वनाउ हाम्रो शान "

## वातावरण तथा सरसफाई

क) फोहोरमैला व्यवस्थापनको नीति लिइनेछ ।

ख) विकास प्रयासमा वातारण संरक्षण पक्षलाई ध्यान दिइनेछ ।

ग) कुवा धारको संरक्षण गरिनेछ ।

घ) सडकको दायाँवायाँ रुख विरुवा रोपिनेछ।

ङ) वातावरण मैत्री विकास गरिनेछ ।

च) बाढी, डुवान नियन्त्र प्रयास गरिनेछ ।

छ) आकस्मिक दैवी विपतिमा रकम विनियोजन गरि कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

## राजश्व परिचालन नीति

क) राजश्वको दर तथा क्षेत्र निर्धारण गर्दा ऐन नियम तथा कार्यविधि र राजश्व परामर्श समितिको सिफारिस अनुसार गरिनेछ ।



विष्णु गाउँपालिका

ख) राजश्व सम्भाव्यता अध्ययन गर्दा कार्यविधि वनाईनेछ ।

ग) कर प्रणालीलाई व्यवस्थित,वैज्ञानिक गराईनेछ ।

घ) २०७५ श्रावनदेखि सम्पति कर लागु गरिनेछ ।

ङ) करको दायरा फराकिलो गरिनेछ ।

## सुशासन, संस्थागत,क्षमता विकास

क) थप विषयहरु नागरिक वडापत्रमा समेटिनेछ ।

ख) योजना तथा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी वनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरीक अनुगमन, प्रगति समीक्षा मार्फत सुशासनलाई जोड दिइनेछ ।

ग)आधुनिक सुचना प्रविधिको प्रयोग गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयमा गरिनेछ ।

घ) जनशक्तिको क्षमता विकास गरिनेछ ।

ङ) गाउँपालिका र वडाको प्रशासनिक, संगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त र दुरुस्त गरिनेछ ।

च) पदाधिकारीहरुको क्षमता विकासमा जोड दिइनेछ ।

छ) क्रमश व्यक्तिगत घटना दर्ता लाई online system मा लागिनेछ ।

ज) कार्यालयको काममा आवश्यक पर्ने software खरिद गरी लागु गरिनेछ ।

**आ.व. २०७५।०७६ को लागि निम्नानुसार आय शिर्षक अनुमान गरेकी छु ।**

| क.स. | आयको स्रोतहरु : अनुदान/सासु/आन्तरिक आम्दानी | अनुमानित आय रकम | कैफियत |
|---|---|---|---|
| १. | केन्द्र वित्तिय समानीकरण अनुदान | ८,९३,६७,०००।०० | |
| २. | प्रदेश वित्तिय समानीकरण अनुदान | २४,७६,०००।०० | |
| ३. | प्रदेश सर्शत अनुदान | ५०,००,०००।०० | |
| ४. | केन्द्र सर्शत अनुदान | ६,४१,००,०००।०० | |
| ५. | वहुक्षेत्रीय पोषण कार्यक्रम | १५,४५,०००।०० | |
| ६. | UNICEF | १०,३७,०००।०० | |
| ७. | राजश्व वाडफाड | ५,३४,६०,०००।०० | |



विष्णु गाउँपालिका

| | | | |
|---|---|---|---|
| ८. | सामाजिक सुरक्षा | ४,२०,००,०००।०० | |
| ९. | आन्तरिक आम्दानी | २०,००,०००।०० | |
| १०. | गत वर्षको अल्या | | |
| | जम्मा | २६,०९,८५,०००।०० | |

उपरोक्त तालिका अनुसार पुजिगत र चालु शिर्षकमा निम्नानुसार विनियोजन गरिएको छ ।

| क.स. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १. | पुँजिगत | ११,१९,०३,०००।०० | |
| २. | चालु | १४,९०,८२,०००।०० | |
| | जम्मा | २६,०९,८५,०००।०० | |

आ.व. २०७४।०७५ मा स्वीकृत योजनालाई आ.व.२०७५।०७६ मा क्रमानुगत योजनामा राखि योजनाको बाँकी रकम तत तत योजनामा राख्न प्रस्ताव गरेकी छु ।

र अन्त्यमा,

विष्णु गाउँपालिकाको गाउँसभामा हाम्रो आमन्त्रणलाई सहर्श स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथी ज्यु, विशेष अतिथि ज्यु, अतिथि ज्यु,विशिष्ट महानुभावहरु, समाजसेवी, बुद्धिजिवी, पत्रकार मित्रहरु तथा अन्य उपस्थित जनसमुदाय प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै विष्णु गाउँपालिकाका अध्यक्ष ज्युको अथक प्रयासवाट हामी यहाँसम्म आइपुगेका छौं । सो का लागी विष्णु गाउँपालिकाका अध्यक्ष प्रति हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछु । साथै यो गाउँसभालाई सफलतापूर्वक आ आफ्नो जिम्मेवारी तदारुपतता का साथ अहोरात्र खट्नुहुने गाउँसभा सदस्यज्युहरु, सम्पूर्ण कर्मचारीहरु लगायत अन्य सम्वन्धित सवै प्रति हार्दिक धन्यवाद दिदैं यसरी नै सहयोग, समर्थन र सल्लाहको अपेक्षा गर्दछु ।

विस्तृत वजेट तथा कार्यक्रम तालिकामा प्रस्तुत गरिएको छ ।




उषादेवि
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
उपाध्यक्ष, विष्णु गाउँपालिका

विष्णु गाउँपालिका